
**Earth-Trekker's Guide** *Godly Light For Nepal* series
Study Aid 1. All Bible verses in **Nepali** for... Booklet 1,
*Divine Selection: God's Developmental Program For Earth.*
***Jesus is the "Sun of Heaven" & the Light of the World!***







# Divine Selection

## GOD'S DEVELOPMENTAL PROGRAM FOR EARTH

### A Plan For Our Planet's Future

**From YHWH, The Holy One Of Israel, The Creator Of All The Universe, Who Is Eternally The Light Of The World**

**This 12-Pages Study-Aid Booklet Is Printable And Includes All The Bible Verses Quoted In Nepali Language**

***Jesus Christ is God The Son, the Creator of All, the "Sun of Heaven," the "Sun of Righteousness," and the Light of the World...!***

Courtesy of ***JesusChristNepal.com***.
Visit also *JesusChristIndia.org* & *JesusChristBurma.org*,
sites *JesusChristSriLanka.org* & *JesusChristThailand.org*,
sites *JesusChristChina.org* and *JesusChristTaiwan.org*,
sites *JesusChristKorea.org* and *JesusChristJapan.org* ...
for more print-patterns & free Bible-teaching lessons

**Matthew 3:1-2**
1 त्यही समयमा बप्तिस्मा दिने यूहन्ना देखापरे। अनि यहूदियाको
मरूभूमिमा प्रचार गर्न थाले।
2 तिनले भने, “पश्चाताप गर, आफ्नो हृदय र रहन-सहन परिवर्तन गर,
किनभने स्वर्गको राज्य चाडै आउन लागेको छ।”
**Matthew 3:13-17**
13 त्यसैबेला येशू गालील भएर यर्दन नदीमा आउनुभयो येशू यूहन्नाद्वारा
बप्तिस्मा लिनका निम्ति यूहन्नाकहाँ आउनुभयो।
14 तर यूहन्नाले उनी येशूलाई बप्तिस्मा दिनु योग्यको छैनन-भन्ने कोशिश
गरे उनले सोधे, ‘तपाईं मकहाँ बप्तिस्मा लिन किन आउनुभयो? म आफैले
तपाइँबाट बप्तिस्मा लिनु पर्ने हो।’
15 येशूले भन्नुभयो, “अहिलेलाई यस्तै हुनदेऊ। हामीले यसरीनै सही कुरा
गर्नु पर्छ।” त्यसपछि यूहन्ना येशूलाई बप्तिस्मा दिन राजी भए।
16 त्यसपछि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनु भयो।
स्वर्ग उहाँको निम्ति उघ्रियो अनि परमेश्वरको आत्मा ढुकुर जस्तै
आफूमाथि आइरहेको देख्नु भयो।
17 तब स्वर्गबाट यो वाणी आएको सुनियो। वाणिले यसो भन्यो, ‘यिनी मेरो
प्यारो पूत्र हुन् र म यिनीसँग अत्यन्त प्रसन्न छु।”
**Matthew 4:4**
4 जवाफमा येशूले भन्नुभयो, ‘धर्मशास्त्रमा यस्तो लेखिएको ‘मानिस रोटी
खाएर मात्र बाँच्दैन, परमेश्वरको मुखबाट निस्केको हरेक वचनले
बाँच्दछ।”‘ व्यवस्था 8:3
**Matthew 4:17**
17 यसै बेलादेखि येशूले प्रचार गर्न थाल्नुभयो। उहाँले भन्नलाग्नुभयो,
“तिमीहरू पश्चत्ताप गर अनि आफ्नो रहन-सहन परिवर्त्तन गर, किनभने,
स्वर्गको राज्य नजिक आइपुगेको छ।”
**Matthew 7:13-14**
13 “साँघुरो ढोकाबाट भित्र पस, जसले स्वर्ग तिर पुर्याउँछ। नर्कमा जाने
बाटो एकदमै सजिलो छ। अनि ढोका पनि फराकिलो छ। धेरै मानिसहरू
त्यसबाट भित्र पस्दछन्।
14 जीवनको बाटोमा लाने ढोका साँघुरो हुन्छ। अनि बाटो अति कठिन
छ। केवल केही मानिसहरूले मात्र त्यो बाटो पैलाउन सक्छन्।
**Matthew 7:21-23**
21 ‘मलाई प्रभु, प्रभु, भन्ने हरेक मानिस स्वर्गको राज्यमा प्रवेश गर्न
पाउनेछैन। तर जसले स्वर्गमा हुनुहुने मेरो पिताको इच्छा पालन गर्छ।
उसले स्वर्गको राज्यमा प्रवेश गर्न पाउनेछ।
22 अन्तिम दिनमा धेरैले मलाई भन्नेछन्, ‘तपाईं नै हाम्रा प्रभु हुनुहुन्छ।
हामीले तपाईंकै नाउँमा अगमवाणी बोल्यौ; अनि तपाईंकै नाउँमा हामीले

ती दुष्टहरूलाई निकाली पठायौं अनि अनेक अनौठा चमत्काहहरू गर्यौं।’
23 तब म तिनीहरूलाई स्पष्ट रूपले भन्नेछु, ‘तिमी त्यो पाप काम गर्नेहरू
म देखि टाढा होओ मैले तिमीहरूलाई कहिल्यै चिनेको छैन।’

**Matthew 7:26-27**

26 तर प्रत्येक मानिस जसले मेरा कुरा सुन्छ तर मेरो अनुसरण गर्दैन, त्यो
एउटा मूर्ख मानिस जस्तै हो। उसले आफ्नो घर बालुनामाथि बनायो।
27 अति बृष्टिको कारणले बाढी आयो, आँधीले घरलाई हान्यो र त्यो ठूलो
आवाज सहित ढल्यो।’

**Matthew 10:14-15**

14 यदि कुनै घर वा शहरले तिमीहरूलाई स्वागत नगरे अथवा
तिमीहरूको कुरा नसुने त्यो ठाउ छोडदा गोडाको धुलोसम्म टक्टकाउनु।
15 तिमीहरूलाई म साँचो भन्दछु। न्यायको दिनमा तिनीहरूको अवस्था
सोदोम र गमोराको भन्दा नराम्रो हुनेछ।

**Matthew 10:22-23**

22 सबै मानिसहरूले तिमीहरूलाई घृणा गर्नेछन् किनभने तिमीहरूले
मलाई पछ्याउछौ। तर जसले आखिरसम्म सहन्छ उसको उद्धार हुनेछ।
23 जब एउटा शहरबाट तिमीहरू खेदिनेछौ तब अर्को शहरमा जाऊ। म
तिमीहरूसित साँचो भन्दछु। मानिसको पुत्र आउन अघि नै तिनीहरू
इस्राएलको सबै शहरहरू भएर गइ सकेको हुनेछैनौ।

**Matthew 10:32-33**

32 ‘यसैकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म
पनि उसलाई मेरा स्वर्गमा हुने परम पिताको सामु स्वीकार गर्नेछु।
33 तर जब कुनै मानिस अरूको सम्मुख उभिएर उसले मलाई विश्वास
गर्छु भन्न सक्दैन भने त्यो मेरो आफ्नो मानिस होइन भनेर म भन्नेछु। मेरा
स्वर्गमा हुने पिताको अघि पनि म यसै भन्नेछु।

**Matthew 10:37-38**

37 “जसले मलाई भन्दा आफ्ना बाबु-आमालाई धेरै माया गर्छ उ मलाई
पच्छ्याउने योग्यको हुँदैन। जसले आफ्नो छोरा-छोरीलाई मलाई भन्दा धेरै
माया गर्छ, ऊ मेरो पछिलाग्ने योग्यको हुँदैन।
38 यदि कुनै मानिसले मलाई अनुसरण गरेको बेला उसलाई दिएको क्रूस
स्वीकार गर्दैन भने उ मलाई अनुसरण गर्ने योग्यको हुँदैन।

**John 8:12**

12 त्यसपछि, येशू फेरि मानिसहरूसंग कुराकानी गर्न थाल्नु भयो।
उहाँले भन्नुभयो, “म संसारको ज्योति हुँ। जुन मानिस मेरो पछि लाग्दछ ऊ
कहिल्यै अन्धकारमा पर्ने छैन। त्यस मानिसले ज्योति पाउनेछ जसले
जीवन प्रदान गर्नदछ।”

**Matthew 11:20-24**

20 येशूले ती शहरहरूलाई हप्काउनु भयो जहाँ उहाँले धेरै शक्तिशाली

कामहरू गर्नु भएको थियो। येशूले ती शहरहरूका बासिन्दाहरूलाई हप्काउनु भयो किनभने तिनीहरू आफ्नो जीवन शैली परिवर्तन गर्न राजी थिएनन्।
21 येशूले भन्नुभयो, 'ए कोराजिन! तँलाई धिक्कार छ। ए बेथसेदा! तँलाई धिक्कार छ। मैले तिमीहरूकहाँ धेरै शक्तिशाली कामहरू गरिदिएँ। यदि यस्तै शक्तिशाली कामहरू टायर र सदोममा गरिएको भए त्यहाँका मानिसहरूले पहिले नै भाङ्रा वस्त्रलाएर र खरानी घसेर पश्चताप गरिसक्ने थिए।
22 तर म भन्दछु, न्यायको दिनमा टायर र सदोमकोभन्दा तिमीहरूको हालत् खराब हुनेछ।
23 तँ कफर्नहुम, के तँ स्वर्गसम्म उचालिनेछस् र? अहँ तँलाई तल मृत्युको स्थान सम्म झारिनेछ। तँमाथि मैले धेरै शक्तिशाली कामहरू गरेको छु। यदि त्यस्तै चमत्कारहरू सदोममा भएको भए, त्यहाँका मानिसहरूले सबै पापहरू गर्न छोडिसकेका हुनेथिए अनि त्यो नगर आजसम्म रहि रहनेथियो।
24 तर तिमीलाई भन्छु कि न्यायको दिनमा सदोमको भन्दा तिम्रो हालत अरू नराम्रो हुनेछ।"

**Matthew 12:39-42**

39 येशूले जवाफ दिनुभयो, 'दुष्ट र पापी मानिसहरूले प्रमाणकोलागि चमत्कार खोज्दैछन्। तर त्यस्ता मानिसहरूलाई प्रमाणकोलागि कुनै चमत्कार देखाइने छैन। अगमवक्ता योनाको चिन्ह बाहेकै
40 तीन दिन र तीन रात सम्म योना एउटा ठूलो माछाको पेटमा थिए। त्यसरी नै तीन दिन र तीन रात सम्म मानिसको पुत्र पृथ्वीको पेटभित्र रहनेछ।
41 अनि न्यायको दिनमा तिनीहरू दोषी छन् भनी देखाउनका निम्ति निवेदक मानिसहरू यस पुस्ताको साथमा खडा हुनेछन्। किनभने योनाले तिनीहरूलाई उपदेश दिएका थिए, अनि तिनीहरूले आफ्नो जीवननै बदलेका थिए। अनि अझ यहाँ एक मानिस छ त्यो योना अगमवक्ता भन्दा महान छ।
42 न्यायको दिनमा दक्षिणको महारानी यस पुस्ताको अगाडी खडा हुनेछिन् र उनैले तिनीहरूलाई दोषी भनी प्रमाण दिने छिन्। किनभने सुलेमानका ज्ञानहरू सुन्न महारानीले धेरै-टाढासम्मको यात्रा गरेकी थिइन्। अनि अझ यहाँ एक मानिस छ त्यो सुलेमानभन्दा महान छ।

**Matthew 13:3-9**

3 उखानहरूको उपयोग गरेर उहाँले मानिसहरूलाई धेरै शिक्षा दिनुभयो। येशूले बताउनुभयो, 'केही किसान बीऊ छर्नलाई निस्क्यो।
4 जब तिनीले बीऊ छर्दै थिए, केही बीऊहरू बाटोतिर परे। चरा-चुरूङ्गी आएर ती बीऊहरू खाए।

5 केही बीऊहरुनभएको कारणले बीऊहरू चाडै उम्रनथाले जट्टानमय
खेतमा झरे। जमीन त्यत्ति गहिरो थिएन।
6 तर जब घाम लाग्नथाल्यो, ती बीरूवाहरू प्रचण्डघामले सुकेर गए
किनभने तिनीहरूका जराहरू थिएनन्। कतिपय बीऊहरू काँडाधारीमा
खसे। जब काँडाहरू बढदै गए तिनीहरूले ती बीरूवाहरूलाई उम्रन
दिएनन्।
7 कतिपय बीऊहरू मलिलो माटोमा खसेका थिए।
8 अनि ती बीऊहरू उम्रिए र फसल उत्पन्न गरे। कतिपय बोटहरूले सय,
कतिपयल साठी अनि कतिपयले तीस गुणा फल फलाए।
9 उ जसले सुन्न सक्छ मेरो कुरा सुन।'

**Matthew 13:18-23**

18 "अब किसानको बारेमा उखान सुन।
19 बाटोमा छरिएको बीऊ के हो? त्यो बीऊ त्यो मानिस जस्तो हो जसले
राज्यको बारेमा केही उपदेश सुन्छ तर बुझ्दैन। दुष्ट आउँछ अनि उसको
मनमा रोपिएको कुराहरू लैजान्छ।
20 अनि चट्टानमय भूमिमा खसेको बीऊहरू चाहिं के हुन्? ती बीऊहरू
त्यो मानिस जस्तै हुन् जसले उपदेश सुन्छ अनि आनन्दसित तुरन्तै ग्रहण
गर्दछ।
21 तर त्यो मानिसले त्यो सन्देशलाई गहनरूपले उसको जीवनमा पस्न
दिदैन। त्यो उपदेशलाई त्यसले थोरै बेरसम्म मात्र आफ्नो जीवनमा राख्छ।
उपदेशको कारणले जब उसले कष्ट र सतावटको सामना गर्नुपर्छ त्यसले
तत्काल आफ्नो विश्वास गुमाउँछ।
22 अनि काँडाहरूमा छरिएको बीऊहरू चाहिं के हुन्? ती बीऊहरू ती
मानिसहरू जस्तै हुन् जसले उपदेश सुन्दछन् तर जीनवको विषयमा
बढता फिक्री गर्छन् अनि पैसाको प्रेमले तिनीहरूले सुनेको उपदेश
निस्सासिन्छ। यसले गर्दा उपदेशले फलफलाउन सक्दैन।
23 तर मलिलो जमीनमा झरेका बीऊहरू चाहिं के हुन्? ती बीऊहरू ती
मानिसहरू जस्तै हुन् जसले उपदेश सुन्छ र त्यसलाई बुझ्दछ। त्यो
बीरूवा उम्रन्छन् अनि कहिले सयगुणा ज्यादा, कहीले साठी गुणा ज्यादा,
र कहिले तीसगुणा अधिक फल फलाउँछन्।"

**Matthew 13:24-30**

24 त्यसपछि येशूले तिनीहरूलाई सिकाउन अर्को उखान सुनाउनु भयो।
उहाँले भन्नुभयो, "स्वर्गको राज्य एउटा मानिस जस्तो हो जसले आफ्नो
खेतमा असल बीऊ छर्यो,
25 त्यो रात सबै मानिसहरू निदाइरहेका थिए। त्यो मानिसको शत्रु आयो
अनि गहुँको बीच-बीचमा सामा छरेर गयो।
26 केही समयपछि गहुँ उम्रियो र बढन थाल्यो त्यही समय सामा पनि
बढन थाल्यो,

27 उसका चाकरहरू आए र मालिकलाई सोधे, 'हजूरले आफ्नो खेतमा
असल बीऊ रोप्नु भएको होइन? तब सामाको बोट चाहिं कहाँबाट आयो?'
28 "त्यो मानिसले जवाफ दियो, 'केही शत्रुले त्यो छरेको थियो।'
'चाकरहरूले सोधे, 'त के हामीले गएर ती सामा उखेलेको तपाईं चाहनु
हुन्छ?'
29 'त्यो मानिसले जवाफ दियो, 'अहँ, किनभने जब तिमीहरूले सामा
उखेल्दा गहुँ पनि उखेल्न सक्छौ।
30 फसलको समयसम्म सामा र गहुँ दुवैलाई सँगसँगै बढन देऊ। फसल
कटाइको बेलामा म खेतालाहरूलाई भन्नेछु, 'पहिले सामा बटुलेर
तिनीहरूलाई जलाउनुको निम्ति बिटा-बिटा बाँध। त्यसपछि गहुँ बटुल र
मेरो भण्डारमा जम्मा गर।"' : 30-34; लूका 13:18-21)

**Matthew 13:36-43**

36 त्यसपछि सबै मानिसहरूलाई त्यहीं छाडेर येशू घरतिर लाग्नुभयो।
उनका चेलाहरू उहाँकहाँ गए र भने, 'कृपया हामीलाई खेतको सामाको
उखानको अर्थ बताइ दिनुहोस।'
37 येशूले जवाफ दिनुभयो, "खेतमा असल बीऊ छर्ने मानिस मानिसको
पुत्र हो।
38 संसार नै खेत हो। असल बीऊहरू राज्यमा परमेश्वरकै मानिसहरू
हुन्। सामा दुष्टका सन्तानहरू हुन्।
39 नराम्रो बीऊहरू छर्ने शत्रुका चाहिं शैतान हो। फसलकाटने समय
जाहिं संसारको अन्त्य हो। अनि फसल काटनेहरू परमेश्वरका दूतहरू
हुन्।
40 सामाहरू बटुले पछि ती अगोमा जलाइनेछन्, संसारको अन्त्यमा पनि
त्यस्तै हुनेछ।
41 मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछन् र तिनीहरूले ती
सबैलाई भेला गर्नेछन् जसले पाप र दुष्टता गर्छन् दुतहरूले उनीहरूलाई
राज्यदेखि बाहिर निकालि दिनेछन्।
42 स्वर्गदूतहरूले तिनीहरूलाई ज्वलन्त भट्टीमा फालिदिने छन्। त्यहाँ
मानिसहरू रूवाबासी गर्दै दाँतकिट्दै रहनेछन्।
43 तब धर्मीहरू घाम जस्तै चम्कने छन्। तिनीहरू आफ्ना पिताको
राज्यमा हुनेछन्। हे मानिसहरू जसले सुन्न सक्छौ, मेरो कुरा सुन।

**Matthew 13:47-50**

47 "स्वर्गको राज्य समुदमा हालेको एउटा महा जाल जस्तै हो। त्यो
जालमा विभिन्न किसिमका माछाहरू परे।
48 त्यो जालभरि माछा थिए। तब जालहारीले त्यो जललाई किनारमा
ताने, भुईंमा बसेर तिनीहरूले राम्रो किसिमका माछाहरू छुट्याउन र
आफ्नो टोकरीमा हाल्न थाले। अनि तिनीहरूले नराम्रा किसिमका
माछाहरू फ्याँकिदिए।

49 जगतको अन्त्यमा पनि यस्तै हुनेछ। स्वर्गदूतहरू आइपुग्ने छन् अनि
राम्रा मानिसहरूबाट नराम्रा मानिसहरूलाई अलग गर्नेछन्।
50 स्वर्गदूतहरूले तिनीहरूलाई जल्दो भट्टीमा फालिदिनेछन्। ती
मानिसहरू पीडाले रूनेछन् दाँत किट्नेछन्।'

**Matthew 16:2-4**

2 येशूले भन्नुभयो, "जब तिमीहरूले सूर्यास्त भएको देख्छौ, तिमीहरू
भन्छौ, आकाश रातो छ, मौसम राम्रो हुनेछ।'
3 अनि बिहान तिमीहरू भन्छौ। आकाश अन्धकार र रातो छ, यसकारण
आज आँधी चल्ने छ। यी मौसमका संकेतहरू हुन्। जब तिमीहरू
आकाशमा हेरेर त्यसको संकेत बुझ्छौ। भने, अहिले के भइरहेछ त्यो
तिमीहरूले बुझ्नु पर्छ। यी पनि संकेतहरू हुन्। तर यी संकेतहरूको अर्थ
तिमीहरू बुझ्दैनौ।
4 दुष्ट र पापी मानिसहरूले चिन्हको निम्ति चमत्कार खोज्छन्। तर
तिनीहरूलाई योनाको चिन्ह। बाहेक अरू चिन्ह देखाइनेछैन।' त्यसपछि
अन्त कतै जानका निम्ति उहाँले त्यो स्थान छोडनु भयो।

**Matthew 16:25-27**

25 जसले आफ्नो जीवन बचाउन चाहन्छ उसले त्यो गुमाउँछ अनि जसले
मेरो निम्ति जीवन गुमाउँछ उसले यसको रक्षागर्छ।
26 यदि कुनै मानिसले सबै संसार हात पर्छ तर आफ्नै जीवन गुमाउँछ
भने उसलाई के लाभ हुन्छ? आफ्नो जीवन प्राप्त गर्नलाई कुनै मानिसले के
दिनसक्छ?
27 आफ्ना पिताको महिमासित मानिसको पुत्र आफ्ना दूतहरूसँग
आउनेछ। त्यसबेला मानिसका पुत्रले प्रत्येकलाई आफ्नो कामको निम्ति
इनामहरू दिनेछ।

**Matthew 17:1-2**

1 त्यसको छ दिनपछि, येशू आफूसंग पत्रुस, याकूब अनि युहन्ना
(याकूबको दाज्यू) लाई लिएर एउटा अग्लो पर्वततिर लाग्नु भयो। तिनीहरू
सुनसान ठाउँमा थिए।
2 तिनिहरूको आँखा अघि, येशू परिर्वतन हुनुभयो। उहाँको मुहार घाम
जस्तै चम्किलो भयो। अनि उहाँको पहिरन ज्योति जस्तै चम्किलो भयो।

**Matthew 17:5-6**

5 जब पत्रुस कुरा गरिरहेका थिए, एक्कासि एक उज्यालो बादलले
तिनीहरूलाई ढाकिहाल्यो। बादलबाट एउटा आवाज आयो। आवाज यस्तो
थियो, "यी मेरा पुत्र हुन् अनि म यिनलाई प्रेम गर्दछु। म यिनीसित अति
प्रसन्न छु। यिनको आज्ञा मान।"
6 चेलाहरूले त्यो आवाज सुने। तिनीहरू खुबै डराए, अनि तिनीहरू
घोप्टो परे।

## Matthew 19:16-19

16 एउटा मानिस येशूकहाँ आएर सोध्यो, "गुरूज्यू, अनन्त जीवन प्राप्त
गर्नका लागि मैले के गर्नु पर्छ?'
17 येशूले जवाफ दिनूभयो, "असल के हो? मलाई किन यसरी सोध्दैछौ?
परमेश्वर मात्र असल हुनुहुन्छ। यदि तिमी अनन्त जीवन पाउन चाहन्छौ
भने, तिमीले आज्ञाहरू पालन गर्नु पर्दछ।"
18 त्यस मानिसले सोध्यो, "कुन आज्ञाहरू?" येशूले जवाफ दिनुभयो,
'कसैको हत्या नगर, कसैसित व्यभिचार नगर; झूटो गवाही नदेऊ,
अरूको निन्दा गर्नु हुँदैन,
19 आफ्ना आमा-बाबुको आदर गर।' अनि 'आफैलाईं प्रेम गरे जस्तो
अरूलाई पनि प्रेम गर।'

## Matthew 21:33-41

33 "यो उखान सुन कुनै मानिसको जमीन थियो। उसले त्यो जमीनमा
दाख लगायो। उसले दाखको जमीनको वरिपरि पर्खाल निर्माण गर्यो। अनि
त्यसभित्र दाख पेल्ने कोलखनेको थियो। फेरि त्यो मानिसले एउटा मचान
बनाचो। उसले आफ्नो खेत कोही किसानहरूलाई जिम्मा दिएर ऊ
यात्रामा गयो।
34 केही समय पछि, फसल उठाउने समय भयो। अनि त्यस मानिसले
आफ्नो हिस्सा ल्याउन पठायो।
35 "तर किसानहरूले ती नोकरहरूलाई समाते अनि एकजनालाई पिटे,
अर्कोलाई मारिदिए अनि अर्कोलाई ढुङ्गाले हिर्काएर मारिदिए।
36 फेरि त्यो खेत-मालिकले किसानहरूकहाँ अरू नोकरहरूलाई
पठायो। उसले पाहिलेभन्दा धेरै नोकरहरू पठाएको थियो। तर
किसानहरूले तिनीहरूसंग पनि यस्तै नै व्यवहार गरे।
37 त्यसपछि उसले आफ्नै छोरालाई किसानहरूकहाँ पठायो। उसले
भन्यो, 'किसानहरूले मेरो छोरालाई आदर देखाउनेछन्।'
38 "तर किसानहरूले आपसमा यसो भने, 'यो ता मालिकको छोरा हो।
यो खेत उसको हुनेछ। हामीले यसलाई मार्यौं भने खेत हाम्रै हुनेछ।'
39 अनि किसानहरूले छोरालाई समातेर, उसलाई खेत बाहिर मारेर
फ्याँकिदिए।
40 "अब त्यो खेत को मालिक आएर ती किसानलाई के गर्ला?"
41 ती यहूदी पूजाहारीहरू र नेताहरूले भने, "उसले ती दृष्टहरूलाई
अवश्य नै मार्नेछ। त्यसपछि उनले आफ्नो खेत अरू किसानहरूलाई
कमाउन दिनेछन्। जसले फलको समयमा मालिकलाई उसको भाग
बुझाउन ल्याउँछ उनीहरूलाई त्यो खेत कमाउन दिईनेछ।"

## Matthew 24:3-14

3 त्यसको केही बेरपछि येशू जैतून डाँडामा बसिरहनु भएको थियो।
चेलाहरू येशूको साथमा एकान्तमा आए। तिनीहरूले भने, "यो घटना

कहिले हुनेछ कृपया हामीलाई पनि भन्नुहोस्। तपाईंको आगमनको र
संसारको अन्तको संकेत के हुनेछ?”
4 येशूले भन्नुभयो, “होशियार बस। तिमीहरूलाई कसैले मुर्ख बनाउन
नपाओस्।
5 धेरै मानिसहरू आउनेछन् र मेरो नाम लिनेछन्। तिनीहरूले ‘म नै
ख्रीष्ट हुँ।’ भनी धेरैलाई मूर्खबनाउनेछन्।
6 तिमीहरूले लँडाईका बारेमा सुन्नेछौ। अनितिमीहरूले अब हुने
लँडाईका बारेमा पनि समाचार सुन्नेछौ। तर डराउनु पर्दैन। यी सब
घटनाहरू हुनैपर्छ। तर अन्त्य अझ आइहाल्ने छैन।
7 किनभने एक जातिले अर्को जातिको विरोध गर्नेछ अनि राज्य राजयको
विरोधमा युद्ध हुनेछ। अनि धेरै ठाउँमा अनिकाल लाग्नेछ अनि भूँईचालो
जानेछ।
8 यी सबै थोक सुत्केरी व्याथा लागे झैं आइलाग्ने छन्।
9 त्यसपछि तिमीहरूलाई मानिसहरूले नराम्रो व्यवहार गर्नेछन्।
मानिसहरूले तिमीहरूलाई शासकहरूको हातमा सुम्पने र सताउनेछन्
र मार्नेछन्। तिमीहरूले ममाथि विश्वास गरेकै कारण मानिसहरूद्वारा
तिमीहरू घृणित् हुनेछौ।
10 त्यसबेला धेरै विश्वासीहरूले आफ्नो विश्वास हराउनेछन्। तिनीहरूले
एका-अर्कालाई विरोध गर्नेछन् र एक-अर्कालाई घृणा गर्नेछन्।
11 अनेकौं झूटा अगमवक्ताहरू घृणा गर्नेछन्। तिनीहरूले
मानिसहरूलाई झुटो कुराहरूमा विश्वास गराउने कोशिश गर्नेछन्।
12 संसारैभरि थुप्रै दुष्टहरूदेखा पर्नेछन्। अनि एकदमै विश्वासीहरूले प्रेम
देखाउने छैनन्।
13 तर अन्त्यसम्मै जो दृढ रहन्छ उही नै सुरक्षित हुनेछ।
14 संसारैभरि परमेश्वरको राज्यको बारेमा सुसमाचारहरू प्रचार गरिनेछ।
प्रत्येक राष्ट्रलाई नै यी कुराहरू भनिनेछ। त्यसपछि अन्त्य आउने छ।

**Matthew 24:21-22**

21 किन? किनभने त्यसबेला अत्यन्त दुख हुनेछ। सृष्टिको शुरू भएदेखि
अहिलेसम्म संसारमा यस्तो दुख भएको थिएन। पछि कहील्यै पनि
भविष्यमा यस्तो दुख आइपर्ने छैन।
22 परमेश्वरले त्यो महासंकटको समय छोट्याउनुभएको छ। यदि त्यो
समय छोट्याइएन भने, कुनै मानिस पनि बाँच्ने छैन। तर आफूले चुनेका
मानिसहरूलाई मद्दत गर्नलाई परमेश्वरले त्यो समयलाई छोटो पार्नु
भएकोछ।

**Matthew 24:29-31**

29 “ती दिनका संकटहरूपछि तुरन्तै। ‘घाम अँध्यारो हुनेछ, अनि जूनले
पनि आफ्नो चमक दिने छैन। ताराहरू आकाशबाट झर्नेछन्, अनि
आकाशका सबै चीजहरू हेरफेर हुनेछन्।’ यशैया 13:10; 34:4

30 “त्यसबेला आकाशमा केही चिन्ह देखीने छन् र ती मानिसको पुत्रको
चिन्ह हुनेछन्। संसारभरिका सबै मानिसहरू रूनेछन्। सबै मानिसहरूले
मानिसको पुत्रलाई आकाशमा बादलसँग आँउदै गरेको देख्नेछन्।
मानिसको पुत्र शक्ति र महान गौरव लिएर आउनेछन्।
31 चारै दिशाबाट आकासको एक छेऊ देखि अर्को छेउसम्म
परमेश्वरद्वारा चुनिएको मानिसहरूलाई भेला गर्न मानिसको पुत्रले तुरहीको
आवाज सहित स्वर्गदूतहरूलाई पठाउनु हुनेछ।

**Matthew 24:35**

35 आकाश र पृथ्वी ध्वंस गरिनेछ, तर मैले बोलेका शब्दहरू कहिल्यै
नाश हुनेछैनन्। : 32-37; लूका 17:26-30, 34-36)

**Matthew 24:36-39**

36 “त्यो घट्ना कहिले घट्नेछ भनेर कुनै मानिसले पनि त्यो समय र दिन
जान्दैन। पुत्र आफै र स्वर्गदूतहरूले पनि जान्दैनन्। तर पिताले मात्र
जान्नुहुन्छ।
37 मानिसको पुत्र आउदा, त्यसबेला त्यस्तै स्थिति हुनेछ जस्तो स्थिति
नूहको समयमा भएको थियो।
38 त्यसबेला जल-प्रलय हुन अघि मानिसहरू खाइ पिइरहेका थिए।
मानिसहरू विवाह गर्दै थिए र आफ्नो छोरा अनि छोरीहरूलाई विवाह गर्न
दिइरहेका थिए। नूह जहाजभित्र नचडुञ्जेलसम्म मानिसहरूले यसो
गरिरहेका थिए।
39 मानिसहरूले के भइरहेको छ भनी केही जानेका थिएनन्। तर
त्यसैबेला जलप्रलय भयो अनि सबै नष्ट भयो। मानिसको पुत्रको
आगमनको समयमा पनि यस्तै हुनेछ।

**Matthew 24:44**

44 यसकारण तिमीहरू पनि तयार बस। मानिसको पुत्र यस्तो समयमा
आउनेछ जसको तिमीहरूले आशा गरेका हुने छैनौ।

**Matthew 28:18-20**

18 येशूले तिनीहरूकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्विका सारा अधिकार
मलाई दिइएको छ।
19 यसकारण जाऊ र सबै देशका मानिसहरूलाई मेरा चेलाहरू
बनाऊ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा
देओ।
20 जे जे मैले तिमीहरूलाई आज्ञा गरे ती सबै पालन गर्न तिनीहरूलाई
सिकाओ। अनि जगतको अन्तसम्म म सदैव तिमीहरूका साथमा हुनेछु।”

**Luke 11:27-28**

27 जब येशूले यी कुराहरू भन्नु हुँदै थियो एउटी स्त्री जो त्यहाँ थिई
येशूलाई यसो भन्दै जोरले कराई, “धन्य हुन ती माता जसले तपाईंलाई
गर्भधारण गरिन् अनि तपाईंलाई स्तन पान गराइन्।”

28 तर उहाँले भन्नुभयो, “मानिसहरू जसले परमेश्वरको वचनहरू सुन्छन्
अनि पालन गर्छन् तिनीहरू वास्तविक रूपमा खुशी छन्।”

**John 3:13**

13 मानिसको पुत्र बाहेका कोही कहिल्यै स्वर्ग गएको छैन। उहाँ नै एक हुनुहुन्छ जो
स्वर्गबाट तल आउनु भयो।

**John 14:15**

15 “यदि तिमीहरूले मलाई प्रेम गर्यौ भने, तब तिमीहरूले मेरो आज्ञा पालन गर्नेछौ।

**John 14:21**

21 यदि कसैले मेरो आज्ञाहरू ग्रहण गर्छ र यसलाई पालन गर्दछ, त्यस मानिसले मलाई
प्रेम गर्दछ। अनि मेरा पिताले तिनलाई प्रेम गर्दछन्। जसले मलाई प्रेम गर्दछ। अनि म
त्यस मानिसलाई प्रेम गर्छु। म उमाथि प्रकट हुनेछु।”

**John 14:23-26**

23 येशूले भन्नुभयो, “यदि कसैले मलाई प्रेम गर्छ भने, उसले मेरो शिक्षा पालन गर्दछ।
अनि मेरो पिताले पनि तिनलाई प्रेम गर्नुहुन्छ। म र मेरा पिता तिनीकहाँ आउनेछौं र
तिनीसंगै बस्नेछौं।
24 तर जसले मलाई प्रेम गर्दैन उसेल मेरो शिक्षाहरू पालन गर्दैन। यो शिक्षाहरू जुन
तिमीले सुन्दैछौ वस्तवमा मेरो होइन। यो पिताबाट आएको हो जसले मलाई पठाउनु
भयो।
25 “मैले यी सबै कुराहारू भनिसकेकोछु तिमीहरूसंग रहँदा नै।
26 तर सहायकले सबै कुराहरूको शिक्षा दिनेछन्। सहायकले मैले जे भने ती सबै
कुराहरू सम्झना गराउनेछ। त्यो सहायक नै पवित्र आत्मा हो जसलाई पिताले मेरो
नाममा पठाउनु हुनेछ।

**John 15:10**

10 मैले मेरा पिताको आज्ञा पालन गरें र निरन्तर उहाँको प्रेममा रही रहेकोछु। यस्तै
प्रकारले यदि तिमीहरूले मेरो आज्ञा पालन गरयो भने तिमीहरू मेरो प्रेममा निरन्तर रहने
छौ।

**Revelation 19:11**

11 तब मैले खोलिएको स्वर्ग देखें। मेरो सामुन्ने एउटा सेतो घोडा थियो। घोड् सवारलाई
विश्वासी अनि सत्य भनिन्छ। तिनी ठीक न्याय गर्छन् अनि साँचो लडाँई लडाउँछन्।

**Revelation 19:13**

13 तिनले रगतमा डुबाएको पोशाक पहिरेका थिए। तिनको नाउँ परमेश्वरको वचन हो।

**Malachi 4:1-2**

1 “त्यो न्यायको समय आउँदैछ। यो दन्केको आगोको भट्टी जस्तै हुनेछ। ती सबै
अहंकारी मानिसहरूलाई दण्ड दिइनेछ। ती सबै पापी मानिसहरू सुख्खा घाँस जस्तै
जल्नेछन्। त्यस समय त्यो आगोमा बल्दै गरेको पराल जस्तै हुनेछ जसको कुनै हाँगा
अथवा जरा बाँच्ने छैन।” सर्वशक्तिमान परमप्रभुले यो सबैकुराहरू भन्नुभयो।
2 “तर मेरो शिष्यहरूको निम्ति म धार्मिकताको सूर्य जस्तो चम्कनेछु, अनि यसले सूर्यको
किरणले जस्तो फूर्ति ल्याउँछ। गोठबाट बाछा स्वतन्त्र भएझैं तिमीहरू स्वतन्त्र अनि खुशी
हुनेछौ।

It's extremely important for all of us to remember this:

1) **WE SPEAK TO TRIUNE YHWH GOD** by our prayers.

2) **TRIUNE YHWH GOD SPEAKS TO US** by the words of Holy Scripture, in the Word of God written by His Son.

So we must try to read His words and His Book just as often as we possibly can… on a daily basis!!

**Matthew 13:47-50**

47 “स्वर्गको राज्य समुदमा हालेको एउटा महा जाल जस्तै हो। त्यो जालमा विभिन्न
किसिमका माछाहरू परे।
48 त्यो जालभरि माछा थिए। तब जालहारीले त्यो जललाई किनारमा ताने, भुईंमा बसेर
तिनीहरूले राम्रो किसिमका माछाहरू छुट्याउन र आफ्नो टोकरीमा हाल्न थाले। अनि
तिनीहरूले नराम्रा किसिमका माछाहरू फ्याँकिदिए।
49 जगतको अन्त्यमा पनि यस्तै हुनेछ। स्वर्गदूतहरू आइपुग्ने छन् अनि राम्रा
मानिसहरूबाट नराम्रा मानिसहरूलाई अलग गर्नेछन्।
50 स्वर्गदूतहरूले तिनीहरूलाई जल्दो भट्टीमा फालिदिनेछन्। ती मानिसहरू पीडाले
रूनेछन् दाँत किट्नेछन्।’

**Mark 4:26-29**

26 त्यसपछि येशूले भन्नुभयो, “परमेश्वरको राज्य एकजना मानिस जस्तै हो जसले
जमीनमा बीऊ छर्दछ।
27 बिऊहरू उम्रेर बढन थाल्दछ। मानिस सुतेको होस् वा ऊठेको त्यो दिन होस् कि
रात होस् कि रात होस् बीऊ उम्रंदै जान्छ। मानिसहरूले जान्दैन त्यो कसरी उम्रन्छ।
28 कसैको सहयता नपाई नै जमीनले अन्न उर्माछ, पहिले बोट उम्रन्छ, त्यसपछि बाला
अनि त्यसरीनै बोटभरि अन्नको दाना लाग्दछ।
29 जब अन्न पाक्छ, मानिसले त्यसलाई काट्दछ। यो नै फसल काट्ने उचित समय हो।”

All verses from the Holy Bible quoted above in Nepali language are taken from the Nepali Easy-To-Read Version.

This is a Study-Aid Booklet for one of many Street Tracts found at...
**JesusChristIndia.org**
**JesusChristNepal.org, JesusChristSriLanka.org,**
**JesusChristBurma.org, JesusChristThailand.org,**
**JesusChristChina.org, JesusChristTaiwan.org,**
**JesusChristKorea.org, JesusChristJapan.org …**
**JesusChristUSA.org, JesusChristAmerica.org**
& **JesusChristIsrael.org** as well...!

*Visit these websites for free e-tracts (a.k.a. tract e-books),*
*for paper-booklet printing patterns, Bible lessons,*
*online Bible audio & more good stuff !*
*e-mail:* ***etracts@yahoo.com*** *or* ***etracts@gmail.com***